
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



# पोखरापत्र
राष्ट्रिय दैनिक
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २२९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ भदौं १४ गते शुक्रबार ❑ 30 Aug 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गण्डकीमा नौ मन्त्रालय बनाउने सहमति

**पोखरापत्र संवाददाता**
पोखरा, १३ भदौं

सत्तारुढ नेपाली कांग्रेस र नेकपा (एमाले)बीच गण्डकी प्रदेश सरकारमा नौ मन्त्रालय बनाउने सहमति भएको छ।

गण्डकी प्रदेशसभामा कांग्रेस संसदीय दलका नेता सुरेन्द्रराज पाण्डे मुख्यमन्त्री रहनुभएको हालको मन्त्रिपरिषद् सात सदस्यीय रहेको छ।

नयाँ सत्ता समीकरण अनुसार एमाले पनि सरकारमा सहभागी हुने भएपछि मन्त्रालयको सङ्ख्या बढाउने सहमति भएको कांग्रेस संसदीय दलका प्रमुख सचेतक नन्दप्रसाद न्यौपानेले जानकारी दिनुभयो । "कांग्रेसले मुख्यमन्त्रीसहित पाँच र एमालेले चार मन्त्रालय लिने सहमति भएको छ", उहाँले भन्नुभयो, "आगामी आइतबारसम्ममा मन्त्रालयको बाँडफाँड टुङ्गाएर मन्त्रीहरूको शपथ गराउने तयारी भइरहेको छ ।" कुन दलले कुन मन्त्रालय लिने भन्ने विषयमा अझै सहमति हुनसकेको छैन । मख्यमन्त्री पाण्डेले आफूलाई विश्वासको मत दिने नेकपा (माओवादी केन्द्र) को चुनाव चिन्ह लिएर निर्वाचित नेपाल समाजवादी पार्टीका फणिन्द्र देवकोटा र स्वतन्त्र प्रदेशसभा सदस्य राजीव गुरुङलाईसमेत समेटेर सरकार पुनःगठन गर्ने कांग्रेसले जनाएको छ । यसअघि एमाले संसदीय दलका नेता खगराज अधिकारी मुख्यमन्त्री हुँदा मन्त्रालय सङ्ख्या १२ बाट घटाएर सातमा पुऱ्याइएको थियो । अहिले दलहरूबीच मन्त्रालयको बाँडफाँड मिलाउन फेरि मन्त्रालय थप्ने सहमित भएको छ । मन्त्रालयको सङ्ख्या र बाँडफाँडमा सहमति नजुट्दा सङ्घीय सरकार बनेको दुई महिना बित्नलाग्दासमेत गण्डकीमा नयाँ समीकरण अनुसारको सरकार बन्न सकेको थिएन । गण्डकी प्रदेशसभामा एमाले संसदीय दलका प्रमुख सचेतक गोविन्दबहादुर नेपालीले मन्त्रालय थप गर्दा त्यसको औचित्य पुष्टि गर्ने चुनौती भने दलसामु रहेको बताउनुभयो । उहाँले संविधानले दिएको अधिकार भन्दैमा धेरै मन्त्रालय बनाउनु उपयुक्त नहुने र त्यसलाई नागरिकले पनि नरुचाउने बताउनुभयो ।

प्रदेशसभा सदस्य देवकोटा र गुरुङको निर्णायक समर्थनमा मुख्यमन्त्री पाण्डेले गत जेठ २८ गते प्रदेशसभाबाट विश्वासको मत पाउनुभएको थियो । मुख्यमन्त्री पाण्डे संविधानको धारा १६८ (३) बमोजिम प्रदेशसभाको सबैभन्दा ठूलो दलका हैसियतमा गत जेठ १६ गते मुख्यमन्त्रीमा नियुक्त हुनुभएको थियो । उहाँले कांग्रेसका २७, राप्रपाका दुई र एक स्वतन्त्र प्रदेशसभा सदस्य गरी ३१ प्रदेशसभा सदस्यको समर्थन पाउनुभएको थियो । एमालेका २२ र माओवादी केन्द्रका ६ प्रदेशसभा सदस्यले विश्वासको मतको विपक्षमा मत दिएका थिए ।

त्यसअघि मुख्यमन्त्री बन्नुभएका नेकपा (एमाले) संसदीय दलका नेता खगराज अधिकारीले प्रदेशसभाबाट प्राप्त गरेको विश्वासको मतलाई सर्वोच्च अदालतले असंवैधानिक रहेको फैसला गरेपछि पाण्डे पुनः मुख्यमन्त्रीमा नियुक्त हुनुभएको थियो । अधिकारीले पाएको विश्वासको मतविरुद्ध दायर भएको रिटमा सुनुवाई गर्दै सर्वोच्च अदालतले प्रदेशसभाको सबैभन्दा ठूलो दलको नेताका हैसियतमा पाण्डेलाई मुख्यमन्त्रीमा नियुक्त गर्न परमादेश दिएको थियो। साठी सदस्यीय प्रदेशसभामा नेपाली कांग्रेसका २७, एमालेका २२, नेकपा (माआवादी केन्द्र) का सात (सभामुखबाहेक), राष्ट्रिय प्रजातन्त्र पार्टीका दुई र एक स्वतन्त्र प्रदेशसभा सदस्य हुनुहुन्छ।

## कास्कीमा गत वर्ष २१ हजारले राहदानी लिए

**पोखरापत्र संवाददाता**
पोखरा, १३ भदौं



कास्कीमा गत वर्ष २१ हजार १ सय ४३ जनाले राहदानी लिनु भएको छ । गत आर्थिक वर्षमा कास्कीमा उक्त सङ्ख्यामा राहदानी वितरण गर्दा प्रशासनले १० करोड ५७ लाख १६ हजार राजश्व संकलन गर्न सफल भएको जिल्ला प्रशासन कार्यालय कास्कीले जनाएको छ।

त्यसै गरी चालु आर्थिक बर्षको साउन महिनामा मात्र कास्कीबाट १ हजार ९ सय ४३ जनादले राहदानीको लागि सिफारिस लिनु भएको प्रशासनका सूचना अधिकारी गंगा बहादुर क्षत्रीले जनाउनु भयो । उहाँका अनुसार उक्त रहादानीको सिफारिस सहित राहदानी लिदा कार्यालयले करिब ९१ लाख ३८ हजार राजश्व संकलन गरेको छ । आर्थिक बर्ष २०७९/८० मा कास्कीमा राहदानी लिनको लागि २१ ह्जार ४ सय ४३ जनाको सिफारिस भएको सूचना अधिकारी क्षेत्रीले जनाउनु भयो। त्यसै गरी कास्कीमा आर्थिक बर्ष २०७८/७९ मा १४ हजार ४ सय १ जनाको सिफारिस भएको कार्यालयले जनाएको छ । सिफारिस लिएका अधिकांशले राहदानी लगेका छन्। पछिल्लो समयमा प्लस टु अध्ययन सके लगत्तै अधिकांश युवा शक्ति बाहिरने प्रबृत्तिले गर्दा त्यसको प्रभाव कास्कीमा समेत परेको छ। कास्कीमा दुई बर्ष अघि १४ हजार जनाले राहदानी लिएकोमा पछिल्लो दुई बर्षमा भने २१ हजार जना पुग्नु भएको छ।

लाहुरे बढी भएको कास्की जिल्लाबाट भारतदेखि अमेरीका, अष्ट्रेलिया, जापान, वेलायत, हङकङ, यूरोप लगायतका देशमा रोजगार देखि विभिन्न ढंगदले विदेश जाने क्रम पछिल्लो समयमा बढी रहेको सहायक प्रमुख जिल्ला अधिकारी क्षेत्रीले जनाए । रहदानी बनाउदा तथा नविकरण गर्दा ५ हजार र समय अबधि भएको अबस्थामा हराएको तथा च्यातिएको अबस्थामा राहदानी बनाउदा भने १० हजार शुल्क लाग्ने गर्दछ।

## पोखरामा बजार अनुगमनः खाद्य 'स्टोर्स'लाई एक लाख जरिवाना

**पोखरापत्र संवाददाता**
पोखरा, १३ भदौं

जिल्ला प्रशासन कार्यालय कास्कीले चाडपर्वलक्षित बजार अनुगमनका क्रममा पोखरा महानगरपालिका-५ मा अवस्थित सगरमाथा एग्रो प्याकेजिङ स्टोरलाई रु एक लाख जरिवाना गराएको छ।

उपभोक्ताको स्वास्थ्यमाथि खेलवाड गर्दै सामान बिक्री गरेको पाइएपछि बुधबार कारबाही गरिइएको हो। साथै सो उद्योगबाट म्याद गुज्रिएका र लेवल नभएका रु ५५ हजार आठ सय ९२ मूल्य बराबरका सामान जफत गरी नष्ट गरेको बजार अनुगमन समितिका संयोजक एवं कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी गङ्गाबहादुर क्षेत्रीले जानकारी दिनुभयो । यसरी म्याद गुज्रिएर जफत गरिएका सामग्रीमा अलैंची १६ केजी, चक्रचिप्स १९ केजी, पिप्ला आठ केजी, मेथीपत्ता चार बट्टा, पास्ता एक केजी, ओखर १६ केजी र अन्य तिललगायत मसला पाँच केजी रहेको छ।

यसैगरी स्टोरमा मूल्यसूची नराखी जथाभावी सामान बिक्री वितरण गरेको पाइएपछि सम्पूर्ण कागजातसहित तीन दिनभित्र जिल्ला प्रशासन कार्यालयमा हाजिर हुन समितिले निर्देशन दिएको सहायक प्रमुख जिल्ला अधिकारी क्षेत्रीले बताउनुभयो । उहाँले भन्नुभयो, "उपभोक्ताले गुनासो गर्नुभएपछि जिल्ला अनुगमन समितिबाट अनुगमन गरेका हौँ । सो क्रममा उपभोक्ता संरक्षण ऐनका विपरीतका कुसर गर्नुभएकाले पसल सञ्चालकलाई जरिवाना र अखाद्य सामग्री जफत गरेका छौँ ।" यसैगरी अन्यत्रबाट खुला ल्याई उक्त उद्योगमा प्याकेजिङ गरिएको सोयाविन मस्यौरा प्रयोगशाला परीक्षणका लागि खाद्य नियन्त्रण तथा गुणस्तर कार्यालयमा पठाइएको क्षेत्रीले जानकारी दिनुभयो । सो स्टोरका सञ्चालक भारतको मोतिहारी जिल्ला ढाका गाउँ पञ्चायत-२ स्थायी घर भएका अशोक जैसवाललाई अब आइन्दा उपभोक्तामाथि खेलवाड नगर्न सचेत गराइएको छ।

बजार अनुगमन टोलीमा नापतौल तथा गुणस्तर कार्यालय पोखराका प्रतिनिधि जनप्रतिनिधि, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रतिनिधि तथा उपभोक्ता मञ्च र सञ्चारकर्मीको सहभागिता रहेको थियो।

यसैगरी चाडपर्व नजिकिएसँगै मूल्यवृद्धि, सामानको कृत्रिम अभाव, कालोबजारी र उपभोक्ता हकहितविरुद्धका कार्य हुनसक्ने भन्दै पोखरा महानगरपालिकाले अनुगमनलाई तीव्रता दिएको छ। महानगरले विभिन्न मासु पसल, दूध डेरीहरूमा अनुगमन बढाएको छ।

## घरदैलोमा व्यस्त अर्जुन पोखरेल प्यानल

**पोखरापत्र संवाददाता**
पोखरा, १३ भदौं



पोखरा उद्योग वाणिज्य संघको नयाँ नेतृत्वका लागि चुवानी मैदानमा होमिएको अर्जुन पोखरेल प्यानल यतिबेला घरदैलोमा व्यस्त छ।

भाद्र २८ र २९ गते हुँदै गरेको ३५ औं महाधिवेशनका लागि पोखरेल प्यानल मतदाताको समस्या सुन्दै र मत माग्दै हिंडिरहेको छ । बिन्ध्यवासिनी मन्दिरको दर्शन गरी घरदैलो

बाँकी अन्तिम पृष्ठमा ▶▶

## होटल व्यावसायीलाई कर सम्बन्धी तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १३ भदौं



पोखराका होटल व्यावसायीहरुलाई कर सम्बन्धी तालिम प्रदान गरिएको छ । पोखराको लेकसाईड होटेलियर्स क्लबले विहीबार पोखरामा आयोजना गरेको एक दिने कर सम्बन्धी तालिम आयोजना गरेको क्लवले जनाएको छ।

उक्त तालिमको उद्घाटन गर्दै आन्तरिक राजश्व कार्यालय पोखराका प्रमुख कर अधिकृत शिव शर्माले विगत ७ बर्षदेखि पोखरा क्षेत्रका होटलहरुबाट आयकर निकै कम संकलन भएको बताए। भूकम्प त्यसपछि कोरोना संक्रमण लगायतका कारण देखाउदै व्यावसायीहरुले आय कर खासै नतिरेको उनले जनाए । होटलहरुमा नाफा भएर पनि नदेखाएका हुन वा अबस्था यस्तै हो यसको बारेमा बुझ्न नसकिएको बताउदै उनले पोखराका सबै जसो होटलहरुले नाफा गर्न नसके पनि केहीले त राम्रै नाफा गरे पनि त्यसको सही विवरण नबुझाउदा सधै घाटा देखिने गरेको जनाए। ६० हजार व्यावसायिक करदाता रहेको उल्लेख गर्दै प्रमुख कर अधिकृत शर्माले धेरै व्यक्तिहरुले आफुले तिर्नुपर्ने कर र नविकरण समयमै नगर्दा जरिबाना तिर्ने गरेको दाबी गरे । उदारो कारोवार ऐन नभएकोले नेपालमा उदारो कारोवार गर्दा त्यसको लेखाजोखा गर्न कठिन भएको प्रमुख कर अधिकृत शर्माले जनाए । धेरै देशमा उदारो कारोवार ऐन भएकोले नेपालमा पनि ल्याउन छलफल चलेको उनले जनाए। मदिरा र सुर्तीजन्य व्यावसाय गर्नेहरुले अन्त शुल्क साउन मसान्तर भित्र नविकरण गर्नुपर्नेमा ढिला भएमा जतिसक्दो छिटो नविकरण गर्न उनले आग्रह गरे । कर अधिकृत सनु काफ्लेले होटल व्यावसायीहरुलाई कर सम्बन्धी तालिम दिदै करदातालाई विभिन्न शीर्षकमा कर सहुलियत कार्यक्रम लागु भएको बताए। कुनै व्यक्तिले विगतमा कर लाग्ने आय आर्जन गरेको तर र स्थायी लेखा नम्बर नै नलिएको भए त्यस्तो व्यक्तिले स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को बुझाउनु पर्ने आय विवरण र सो लाग्ने कर २०८१ साल फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा व्याज मिनाहा हुने व्यबस्था रहेको उनले जनाए। क्लवका अध्यक्ष सुनिल शर्माको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा करिब ५० जनाको सहभागिता रहेको क्लवका उपाध्यक्ष ईशान खड्काले बताए। क्लवले विभिन्न कार्यक्रम गर्दै आएको उनले जनाए । कोरोना पछि पोखरा

बाँकी अन्तिम पृष्ठमा ▶▶


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मानव अधिकारकर्मी टेकनाथ बरालको सम्झनामा स्मृति सभा

पोखरापत्र संवाददाता
पोखरा, १३ भदौं



मानव अधिकारकर्मी टेकनाथ बरालको प्रथम स्मृति सभामा बरालले मानव अधिकार रक्षा, प्राकृतिक स्रोत संरक्षण, बिभिन्न कालखण्डमा राजनीतिक परिवर्तनमा पुर्‍याएको योगदानको स्मरण गरिएको छ।

वामपन्थी नेता बरालको प्रथम स्मृति समारोह बुधबार भएको छ। पोखरा ७ नुवारथोकमा बस्दै आएका मानवअधिकारकर्मी बरालको ८५ वर्षमा गत वर्ष निधन भएको थियो।

बराल आफ्नो जीवनको ५ दशकभन्दा बढी समय मानवअधिकार र सामाजिक न्यायका लागि समर्पित थिए। उनका छोरा विद्याविमल बराललले अधिकारकर्मी बरालले राजनीति, मानव अधिकार र शिक्षा क्षेत्रमा गरेको योगदानको अध्ययन गर्न टेकनाथ स्मृति अध्ययन केन्द्र स्थापना गरिएको जानकारी दिए।

'मानव अधिकार, सामाजिक न्याय, असमानता विरुद्धको आन्दोलनलाई सशक्त बनाउने अध्ययन केन्द्रलाई विस्तृत र फराकिलो बनाइने छ,' उनले भने, 'राष्ट्रिय स्तरमा योगदान पुर्‍याएका व्यक्तिलाई टेकनाथ स्मृति दिवसका दिन हरेक वर्ष 'टेकनाथ स्मृति सम्मान' प्रदान गरिनेछ।' उनले यसका लागि परिवारले ६ लाखको अक्षय कोष स्थापना गरेको जानकारी दिए। बराललले भौतिकवादी विश्व दृष्टिकोण लगायतका विषयमा विचार गोष्ठी गर्ने बताए।

सभामा बोल्दै परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठले बराललले राजनीतिक परिवर्तनका लागि बामपन्थी नेताको रुपमा पुर्‍याएको योगदानको सम्झना गरे। नेता बराल राष्ट्रियताको रक्षा र सीमा सुरक्षाको सवालमा सक्रियतापूर्वक लागेको जानकारी दिए। वरिष्ठ अधिवक्ता तिलक पराजुलीले टेकनाथ मन, वचन र कर्ममा एकरुपता भएको व्यक्ति भएको टिप्पणी गरे। उनले पुष्पलालले नेपाली कांग्रेससँग कार्यगत एकताको प्रस्ताव गर्दा टेकनाथले कम्युनिस्ट एकतालाई माइनस गर्न नहुने अडान राखेको जानकारी दिए। उनले २०४६ सालमा नेता बराललले काठमाडौमा भन्दा पहिला पोखरामा बाममोर्चा गठन गरेको सुनाए। गैसस महासंघ नेपालका अध्यक्ष रामप्रसाद सुवेदीले सादा जीवन उच्च विचार राख्ने व्यक्तित्व बराललले बामपन्थीहरु बीचको एकता विना मुलुकको रुपान्तरण सम्भव नभएको बताएको स्मरण गरे।

बराललले बामपन्थीहरु गरिब किसान र श्रमजिवीका मुद्दामा ध्यान नदिई राज्यसत्ता र राजकीय सुखसयलमा ध्यान दिएकोमा चिन्ता जाहेर गरेको स्मरण गर्दै उनले बराल सधै राष्ट्र, राष्ट्रियता र जनजीविकाका सवालमा चिन्तित रहेको बताए। बामबुद्धिजीवी रामराज रेग्मीले नेता बराललले छिरलिएको र लथालिंग भएको कम्युनिस्ट पार्टीलाई संगठित गरी जीवन र गति दिएको जानकारी दिए। शान्तिका लागि नागरिक समाजको सञ्जाल पोखराका संयोजक विना सिलवालले छोराछोरीलाई समान अंश दिएर बराललले महिलाको अंश र वंशको अधिकार सुनिश्चित गरेको बताइन्। सञ्जालका पूर्व संयोजक विष्णुप्रसाद बराललले संविधान सभाको चुनाव गराएर सशस्त्र द्वन्द्वको अन्त्य गर्नुपर्ने पक्षमा बराल भएको उल्लेख गरे।

कार्यक्रममा नेपाली कांग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्मा, नेकपा (एमाले) गण्डकी प्रदेश कमिटी सचिव धनञ्जय दवाडी, नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मी, टेकनाथ बरालका छोरी प्रभा बराल पौडेल, पत्रकार दीपेन्द्र श्रेष्ठ लगायतले मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा टेकनाथ बरालको योगदानबारे चर्चा गरे।

नेपाल सरकार र तत्कालीन नेकपा माओवादीलाई वार्तामा ल्याएर शान्ति प्रक्रिया स्थापनाका लागि खोलिएको शान्तिका लागि नागरिक समाज सञ्जाल पोखराका संस्थापक सदस्य बराल महिला हिंसा, दाइजो प्रथा, सामाजिक अन्याय, असमानता लगायतका विभिन्न सामाजिक समस्याका विरुद्ध कट्टर अभियानकर्ता थिए। सशस्त्र द्वन्द्वकालमा बराललले द्वन्द्वबाट प्रभावित जनताको अधिकार सुनिश्चित गर्न निर्णायक भूमिका निर्वाह गर्नुका साथै मानवअधिकार उल्लङ्घनका घटनाको अनुगमनमा सक्रिय रूपमा संलग्न थिए।

# ईन्टर स्कुल व्याण्ड कम्पिटिसन शुक्रबारदेखि, तयारी पूरा

पोखरापत्र संवाददाता
पोखरा, १३ भदौं

पोखरामा शुक्रबारदेखि ईन्टर स्कुल व्याण्ड कम्पिटिसन आयोजना हुँदैछ। पोखरा सांगीतिक कलाकार संघ नेपालको आयोजनामा शुक्रबार र शनिबार हुने दोश्रो ईन्टर स्कुल व्याण्ड कम्पिटिसन पोखरा सभागृह हलमा आयोजना हुन लागेको हो। कक्षा १२ सम्मका विद्यार्थीहरु सहभागि हुनसक्ने स्कुल व्याण्ड प्रतिष्पर्धामा १८ विद्यालयका १९ व्याण्डले प्रतिष्पर्धा गर्ने आयोजक पोखरा सांगीतिक कलाकार संघले जनाएको छ। धेरै विद्यालयले प्रतिष्पर्धाका लागि आवेदन दिएपनि डिजिटल अडिसनका आधारमा १९ व्याण्ड अन्तिम प्रतिष्पर्धाका लागि छनौट गरिएको संघका अध्यक्ष हर्कराज गुरुङ (भाई)ले जानकारी दिए।

प्रतियोगितामा यस वर्ष सैनिक आवासीय मावि पोखरा, मदरल्याण्ड सेकेण्डरी स्कुल (बी), मदरल्याण्ड सेकेण्डरी स्कुल (ए), न्यू डायमण्ड मावि, कास्की मोर्डनाईज्ड सेकेण्डरी स्कुल, प्रतिभा मावि, गुरुकुल विद्यासदन, पोखरा एकेडेमी, बालविद्या ईंग्लिस बोर्डिङ स्कुल र अल्फा बोर्डिङ स्कुल प्रतिष्पर्धामा छन्। त्यस्तै, लेविन्स रेसिडेन्सियल स्कुल, कालिका मावि, फिस्टेल एकेडेमी, प्रगती सेकेण्डरी स्कुल, ग्लोबल कलेजिट मावि, कुमुदिनी होम्स मावि, कान्तिपुर एकेडेमी, गण्डकी बोर्डिङ स्कुल र सगरमाथा मावि प्रतिष्पर्धामा छन्। 'शिक्षासँगै संगीत' भन्ने मूल नाराका साथ हुने प्रतियोगिताको शुक्रबार गण्डकी प्रज्ञा प्रतिष्ठानका उपकुलपति गोरे गुरुङले उद्घाटन गर्ने कार्यक्रम छ। संघका अनुसार शुक्रबार १९ वटै स्कुलले आ-आफ्नो प्रस्तुती दिनेछन्। पूर्वाह्न ११ बजेदेखि शुरु हुने प्रतिष्पर्धामा सैनिक आवासीय माविले प्रस्तुती दिएपछि निरन्तर तालिका अनुसार नै प्रत्येक विद्यालयले प्रस्तुती दिने अध्यक्ष गुरुङले बताए। प्रतिष्पर्धी स्कुलका व्याण्डहरुले शुक्रबार गण्डकी प्रदेशका सर्जकहरुको गीत प्रस्तुत गर्नुपर्नेछ। उनीहरुले दिएको प्रस्तुतीका आधारमा उत्कृष्ट १० दश फाइनलमा पुग्नेछन्।

फाईनलमा पुगेका स्कुल व्याण्डहरुले प्रतियोगिताको अन्तिम दिन शनिबार दुईवटा गीतहरु प्रस्तुत गर्नुपर्नेछ। जसमा एउटा आफ्नो मौलिक र अर्को गण्डकी प्रदेशका सर्जकको गीत प्रस्तुत गर्नुपर्ने अध्यक्ष गुरुङले बताए। सोहि प्रस्तुतीका आधारमा बिजेता, उपबिजेतालगायतको घोषणा गरिने उनको भनाई छ।

संघले ग्रास रुटबाटै कला र संगीतका प्रतिभा खोज्ने र उनीहरुको प्रतिभा निखार्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागेको हो। प्रतियोगिताको तयारी पूरा भएको संघका उपाध्यक्ष टोपबहादुर खत्री (कान्छादाई)ले जानकारी दिए।

प्रतियोगिताले पोखराको सांगीतिक माहोल तताउँदै व्याण्डहरुलाई पुनःजागृत गराउने संघको विश्वास छ। प्रतियोगिताले विद्यालयमा अध्ययनरत विद्यार्थीमा लुकेर रहेका प्रतिभाको उजागर गर्नुका साथै विद्यालयमा शिक्षासँगै सांगीतिक माहोल सिर्जना गर्नका लागि वातावरण बनाउने संघका अध्यक्ष गुरुङले बताए। 'सुस्ताएको सांगितीक क्षेत्रलाई उठाउने प्रयास हो। यसमा व्याण्डले सबै विधामा प्रस्तुती दिन सक्छन्।'-उनले भने।

संघका सचिव भाष्करध्वज श्रेष्ठले ९० को दशकमा पोखरा व्याण्डहरुको राजधानी भनेर चिनिएको भन्दै सो पुरानो विरासत फर्काउन प्रतियोगिता कोशेढुंगा सावित हुने विश्वास व्यक्त गरे। यसले संगीत सिर्जनामा लाग्न प्रेरणा र दवाब पुग्ने उनको धारणा छ। प्रतियोगिताको उपाधि बिजेतालाई नगद १ लाखसहित प्रमाणपत्र, उपबिजेतालाई नगद ५० हजार र तेश्रो हुनेलाई नगद २५ हजारसहित प्रमाणपत्र प्रदान गरिने जनाइएको छ। त्यस्तै, प्रतियोगितामा उत्कृष्ट भोकल, लिड गिटार, बेस गिटा, उत्कृष्ट ड्रमर, पब्लिक च्वाईस र जज च्वाईस लाईपनि नगद ५/५ हजारसहित प्रमाणपत्र प्रदान गरिने सचिव श्रेष्ठले जानकारी दिए।

# कालाबजारी, मूल्यवृद्धि र गणस्तरहीन वस्तु बिक्री वितरण नियन्त्रण गर्न निर्देशन : गृहमन्त्री लेखक

पोखरापत्र संवाददाता
पोखरा, १३ भदौं

गृहमन्त्री रमेश लेखकले चाडपर्व लक्षित कृतिम अभाव, कालाबजारी, मूल्यवृद्धि र गणस्तरहीन वस्तु बिक्री वितरण नियन्त्रण गर्न निर्देशन दिनुभएको छ।

चाडपर्व लक्षित सहज आपूर्ति व्यवस्थापन र प्रभावकारी बजार अनुगमनसम्बन्धी विषयमा सरोकारवालासँगको छलफलमा उहाँले यस्तो बताउनुभएको हो। "कृतिम अभाव, कालाबजारी, मूल्यवृद्धि र गणस्तरहीन वस्तु बिक्रीवितरण नियन्त्रणका लागि हामी कहाँनिर सहयोगी हुनुसक्छौँ। चाडपर्वको बेलामा दैनिक उपभोग्यका सामग्रीको सहज र सरल पहुँच हुनुपर्‍यो", उहाँले भन्नुभयो।

यसपालिको चाडपर्वमा तीन-चार कुरामा परिणाम देखिनेगरी काम गर्न गृहमन्त्री लेखकले निर्देशन दिनुभयो। "कृतिम अभाव कुनै हालतमा पनि हुनु भएन। कृतिम अभाव देखाउने कुरा कुनै हालतमा सह्य हुँदैन। त्यसका लागि हेर्ने निकायले हेर्नुपर्‍यो। त्यसमा गृह मन्त्रालयको पूरा सहयोग रहन्छ", उहाँले भन्नुभयो।

दसैँ तिहारका बेला एकै रातमा हुने मूल्यवृद्धिलाई सुक्ष्म ढङ्गले हेरेर नियन्त्रण गर्न गृहमन्त्री लेखकले निर्देशन दिनुभयो। "मूल्य वृद्धिको उचित कारण हुनुपर्‍यो नि ? उही सामान एक दिनअघि एउटा मूल्य छ, अर्को दिन अर्को मूल्य हुन्छ। यो कुरालाई सबैले गम्भीरताका साथ लिएर परिणाम आउनेगरी काम गर्नुपर्‍यो", उहाँले भन्नुभयो, "गुणस्तरहीन खाद्यवस्तुको बिक्री चाडवाडमै बिक्री गरिन्छ। गुणस्तरहीन वस्तु उपभोक्ता कहाँ पुग्ने यही बेला हो। यसलाई कडाइका साथ हेर्न जरुरी छ।"

सरोकारावाला पक्षमा समन्वय हुँदा परिणाम दिन सकिने भन्दै चाडपर्वपछि बस्ने अर्को बैठकमा त्यसको मूल्याङ्कन हुने गृहमन्त्री लेखकले बताउनुभयो। "गृह मन्त्रालय एकातिर, वाणिज्य मन्त्रालय एकातिर, अनुगमन एकातिर, गणस्तर नापजाँच एकातिर भयो भने राम्रो हुँदैन। एकीकृत रुपमा काम गर्नुपर्‍यो", उहाँले भन्नुभयो, "अहिले छलफल भएका विषयमा कसलाई कहाँनिर सहयोग चाहिन्छ। तमतयार भएर सहयोग दिनुहोस्। परिणाम आउनेगरी काम हुनुपर्‍यो। चाडपर्वपछि आजको छलफलमा भएका कुराको मूल्याङ्कनका लागि हामी फेरि बैठक बस्छौँ।" छलफलमा गृहसचिव एकनारायण अर्यालले वाणिज्य विभागले सबै सहायक जिल्ला अधिकारीसँग जुम मिटिङ गरेर बजार अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने बताउनुभयो। यसपालि दसैंमा सुपथ पसल बढाइने भन्दै कालोबजारी गर्नेमाथि निर्मम भएर कारबाही गरिने उहाँको भनाइ थियो।

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण संरक्षण विभागका महानिर्देशक राजन पौडेलले छलफलमा बजार अनुगमनको अवस्था, बजार अनुगमनको अपेक्षा, अत्यावश्यक दैनिक खाद्य तथा उपभोग्य वस्तुको आपूर्तिबारे जानकारी गराउनुभएको थियो। यस्तै बजार अनुगमनको दोहोरोपना हटाएर सरकारले मूल्य निर्धारणको हक राख्नुपर्नेमा सरोकारवालाको जोड थियो।

# जोमसोम-पोखरा हवाई सेवा दुई महिनापछि पुनः सञ्चालनमा

पोखरापत्र संवाददाता
म्याग्दी, १३ भदौं

जोमसोम-पोखरा हवाई सेवा दुई महिनापछि बिहीबारदेखि पुनः सञ्चालनमा आएको छ।

गण्डकी प्रदेशको राजधानी पोखरादेखि पर्यटकीय जिल्ला मुस्ताङको जोमसोम विमानस्थलमा हुने हवाई यातायात सेवा प्रतिकूल मौसमका कारण गत असार १७ गतेदेखि स्थगित भएको थियो।

जोमसोम विमानस्थलका प्रमुख केशव लम्सालले दुई महिनापछि समिट एयरलायन्सले आज पाँचवटा उडान भरेको जानकारी दिनुभयो। "मौसममा सुधार आएको छ। पर्यटकीय याम सुरु हुन लागेकाले पनि पोखरा-जोमसोम हवाई सेवा पुनः सुरु गरिएको हो," उहाँले भन्नुभयो "निजी क्षेत्रको यति एयरलायन्सको भगिनी कम्पनी तारा एयरको जहाजले यही भदौ १८ गतेदेखि उडान भर्ने तयारी गरेको छ।" पाँच उडानमार्फत ९० जना मुस्ताङ भित्रिएका प्रमुख लम्सालले बताउनुभयो। बेनी-जोमसोम सडकको म्याग्दी खण्डमा पहिरोका कारण यातायात सेवा प्रभावित भइरहेको अवस्थामा हवाई सेवा पुनः सुरु भएपछि मुस्ताङका बासिन्दा, तीर्थयात्री र पर्यटकलाई सहज भएको छ।

सडक अवरुद्ध हुने र हवाई सेवा नभएको अवस्थामा महँगो शुल्क तिरेर हेलिकप्टरमार्फत यात्रा गर्नुपर्ने बाध्यता छ।

# एक-अर्काको ...

क्षेत्रको होटल व्यवसाय अझै पहिलाकै अबस्थामा आउन नसकेको व्यवसायीले गुनासो गरे। संस्था दर्ता गर्दा जति सजिलो हुन्छ तर संस्था बन्द गर्दा अनावश्यक झन्झटिलो प्रकृयाले आफुहरुलाई व्यावसाय गर्न कठिन हुने गरेको व्यावसायीहरुले गुनासो समेत गरेका थिए।

व्यावसायले तिरेको कर उचित ढंगले सदुपयोग सहित व्यावसायको हकहितमा समेत खर्चन उनीहरुले माग गरे। पोखरा क्षेत्रमा होटलहरु बन्ने र मर्मत हुने क्रम जारी रहेको छ। पोखरा क्षेत्रमा पर्यटकीय स्तरीय होटल करिब ८ सयको हाराहारीमा रहेका छन्।

# एक-अर्काको ...

सुरु गरेको टोलीले लामाचौर देखि छोरेपाटन सम्मका व्यवसायीहरुको पीर मर्कालाई सुनेर सम्बोधन गर्न प्रत्यत्न गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। व्यवसायीहरुको घरदैलोमा पुग्दा पोखरेल प्यानललाई राम्रो समर्थन मिलेको छ। सम्भावना बोकेको टोली घरमै पुग्दा व्यवसायी दंग छन्। युवा जोस र जाँगर अनि भिजन बोकेर हिंडेको टोलीले जित्ने विश्वास मिलेको छ।

उद्योग वाणिज्य संघको छविलाई उचाल्न पोखरेल प्यानलको जीत सुनिश्चित भएको तर्क व्यवसायीहरुको छ। अर्जुन पोखरेल प्यानल १५ बुँदे प्रतिबद्धता पत्रसहित घरदैलोमा पुगेको हो। "सम्मानित संघ, समुन्नत व्यवसाय" नारालाई आत्मसात् गर्दै संघलाई आम पोखरेलीको साझा घरको रुपमा विकास गर्ने संकल्प पोखरेलको छ। आफू निर्वाचित भएमा साना, मझौला र ठूला व्यावसायीहरुको समस्यामा साथै रहने पोखरेलले उल्लेख गरेका छन्।

अर्जुन प्यानलको वरिष्ठ उपाध्यक्ष पदमा उत्तममान बुद्धाचार्य, उपाध्यक्ष (उद्योग) पदमा दिनेशचन्द्र बास्तोला, उपाध्यक्ष (वाणिज्य) पदमा बलराम आचार्य, महासचिव पदमा शोभा गौतम, कोषाध्यक्ष पदमा मनोज कुमार श्रेष्ठ, उपमहासचिव पदमा बालकृष्ण कोइराला, कार्यसमिति सदस्यहरुमा क्रमश :भीम गौतम, जीवन प्रकाश श्रेष्ठ, प्रेम प्रसाद सुवेदी, सौगात थापा, लेखनाथ सुवेदी, देवेन्द्र प्रजु, टिकाराम सुवेदी (माधव), ललित बहादुर कुँवर, दुधमान (आशिष) गुरुङ, यादव प्रसाद पोखरेल रहेका छन्।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# उपभोक्ताको अधिकारमा बहस गर

नेपालमा चाडपर्वको बेला मूल्यवृद्धि र कालोबजारी हुने गरेको छ । यही मौकामा गुणस्तरहीन सामानको बिक्री हुनेगर्छ । चाडपर्वको बेला धेरै सामान बिक्री हुने हुँदा व्यापारीले कमाउने मौकाको रुपमा लिने गर्छन । उपभोक्ताले पनि बढी संचय गर्ने हुँदा बजार अनुगमनको खाँचो हुन्छ । संघीय संसदमा होस या प्रदेश सभामा जनताका समस्याका बारेमा कमै बहस हुन्छ।जनताले भोगेका समस्या, गुणस्तरीय बस्तु तथा सेवाका बारेमा बहस र खबरदारी हुनुपर्ने प्रतिनिधिसभामा द्वन्द्वकालका बिर्सनु पर्ने विषयमा बहस भएका छन । एकले अर्कोलाई खलनायक बनाउने प्रतिस्पर्धा छ । सरकारबाट हट्दाको छट्पटी र कुण्ठा पोख्ने ठाउँ भएको छ । ऋतु पिच्छे समिकरण फेर्ने दल र नेताहरुका यस्तै चरित्रले नागरिकमा निराशा बढाएको छ ।

सरकार र राजनीतिक दलले जनताले भोगेका महंगी, कालोबजारी र गुणस्तरहीन तथा अखाद्य वस्तु बिक्री नहोस भनेर सचेत गराउनुपर्ने हो । उपभोक्ताको अधिकार मानवअधिकार हो । मानवअधिकारका कुरा उठाउँदा उपभोक्ताका अधिकार बिर्सन हुँदैन । उपभोक्ता अधिकार र उपभोक्तावाद बारे नागरिकलाई सचेत बनाउने अहिलेको प्रमुख काम हो । उपभोक्तावादका चार सर्वमान्य सिद्धान्त छन् । पहिलो, प्रत्येक उपभोक्ता आफैँ सचेत हुनुपर्दछ । दोस्रो, उपभोक्तालाई सचेत र जागरूक गर्ने दायित्व सरकार तथा वस्तु वा सेवा उत्पादन, आयात, सञ्चय वा विक्री वितरण गर्ने प्रदायकहरूको हो । तेस्रो, वस्तु र सेवा उत्पादक, प्रदायक वा विक्रेताहरू उपभोक्ताप्रति जिम्मेवार हुनुपर्दछ । उपभोक्ता नभई बजार सञ्चालन नहुने हुँदा उपभोक्ता बजारका सार्वभौम हुन् । चौथो, बजारले उपभोक्तालाई सम्मान गर्नुपर्दछ । यिनै सिद्धान्तका आधारमा नेपालले उपभोक्ता संरक्षण ऐन, २०७५ मा उपभोक्ताका नौ अधिकारको व्यवस्था गरेको छ ।

नेपालको संविधान, २०७२ को धारा ४४ मा उपभोक्ता हकको व्यवस्था छ । संविधानमा गुणस्तरीय वस्तु र सेवाको उपभोग गर्न पाउनु उपभोक्ताको हक हुने र गुणस्तरहीन वस्तुको उपभोगबाट हानि नोक्सानी भएमा उपभोक्ताले क्षतिपूर्ति पाउने हक सुनिश्चित गरिएको छ । यसैगरी राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वभित्र कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने विषय समेटिएको छ । मौलिक हकसम्बन्धी कानुनका रूपमा उपभोक्ता अधिकार संरक्षण ऐन २०७५ लागू भइसकेको छ । उपभोक्ता हित संरक्षणका लागि एक दर्जनभन्दा बढी कानुन निर्माण भएका छन् । संघ,प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य छैन । संघको अधिकार प्रदेश र स्थानीय तहलाई दिइएको छ । सरकारको काम नियमित बजार अनुगमन गर्नु हो । जनता नठगिउन भनेर सकृयता देखाएमा उपभोक्ताको हितमा सरकारले काम गरेको छ भन्ने अनुभूति हुनेछ ।

संघले अधिकार दिएन भनेर रोइलो गर्नु भन्दा भएका अधिकार प्रयोग गरेर उपभोक्तालाई सचेत बनाउने काममा प्रदेश र स्थानीय सरकार लाग्नु पर्दछ । जनताको दैनिक जीवनसँग जोडिएको विषयमा प्रदेश र स्थानीय सरकारले बजारलाई नियमित अनुगमन गरेमा जनताप्रतिको उत्तरदायित्व निर्वाह गरेको ठहरिने छ । उपभोक्ताको अधिकारका लागि मानव अधिकार आयोग, संवैधानिक अंग संसदीय समिति, नागरिक समाज र मिडियाले नउठाएसम्म हाम्रो जस्तो मुलुकमा कार्यान्वयनमा आउन सक्दैन । गृहमन्त्री रमेश लेखकले चाडपर्व लक्षित कृतिम अभाव, कालाबजारी, मुल्यवृद्धि र गणस्तरहीन वस्तु बिक्री वितरण नियन्त्रण गर्न निर्देशन दिएका छन् । चाडपर्व लक्षित सहज आपूर्ति व्यवस्थापन, र प्रभावकारी बजार अनुगमन सम्बन्धि विषयमा सरोकारवालासँगको छलफलमा गृहमन्त्रीको निर्देशन सिंहदरबारमा मात्र सिमित हुनुहुँदैन । 'कृतिम अभाव, कालाबजारी, मुल्यवृद्धि र गणस्तरहीन वस्तु बिक्री वितरण नियन्त्रणका लागि संघीय सरकारको सहयोग बढी हुन्छ। चाडपर्वको बेलामा दैनिक उपभोग्यका सामग्रीको सहज र सरल पहुँच हुने वातावरण बनाउने काम सरकारको हो ।

यसपालिको चाडपर्वमा तीन-चार कुरामा परिणाम देखिने गरी काम गर्न गृहमन्त्री लेखकको निर्देशन 'कृतिम अभाव कुनै हालतमा पनि हुन भएन । कृतिम अभाव देखाउने कुरा कुनै हालतमा सह्य हुँदैन। त्यसका लागि हेर्ने निकायले हेर्नुपऱ्यो। त्यसमा गृह मन्त्रालयले पुरा-पुर सहयोग गर्छ,'। यी भाषण होइन सरकारको अठोट हो भनेर संझेर सबैले काम गरेमा मात्र जनताले पत्याउने छन ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : शारीरिक झमेला |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# नेपाल राष्ट्रिय खड्गी समाजको रक्तदान कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १३ भदौं

नेपाल राष्ट्रिय खड्गी समाज कास्की जिल्ला शाखाको आयोजनामा नेपाल राष्ट्रिय खड्गी समाज सयुंक्त वडा ईकाई समितिको रक्तदान कार्यक्रम भएको छ ।

पोखरा महानगरपालिका वडा नम्वर ८, ९, १० र ११ को संयोजकत्वमा पोखरा महानगर पालिका वडा नम्वर ११ रानीपौवा फुलबारी ब्यारेक अगाडि भएको थियो । उक्त खुल्ला रक्तदान कार्यक्रमको सभापतित्व नेपाल राष्ट्रिय खड्गी समाज कास्की जिल्ला शाखाको अध्यक्ष बिकल साईले गर्नुभएको थियो । उक्त कार्यक्रमको प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नम्वर ११ वडा अध्यक्ष प्रेम प्रसाद कर्माचार्यले दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गर्नुभयो ।

स्वागत मन्तव्य नेपाल राष्ट्रिय खड्गी समाज सयुंक्त वडा ईकाई समितिका अध्यक्ष बिष्णु कुमार खड्गीले गर्नुभयो । पहिलो रक्तदाता अभिनम शाहीलाई प्रमुख अतिथिले ब्लड ब्याक हस्तान्तरण गर्नु भई कार्यक्रम शुभारम्भ गर्नुभयो । सो कार्यक्रममा बरिष्ठ उपाध्यक्ष निर्मल खड्गी, निबर्तमान अध्यक्ष हर्खमान शाही र रक्त सञ्चारका प्रतिनिधिले आ-आफ्नो धारणा राख्नुभयो । कार्यक्रम सञ्चालन समाज महासचिव बिजय साईले गर्नुभएको थियो भने रक्तदान ४०/जनाले गर्नुभएको थियो ।

# बालबालिकालाई सृजनात्मक बनाउन कार्यशाला

**पोखरापत्र संवाददाता**
पोखरा, १३ भदौं

विद्यालय उमेरका बालबालिकामा लेखन सीप अभिवृद्धिका लागि बागलुङ सदरमुकाममा सृजनात्मक लेखन कार्यशाला बिहीदेखि सुरू भएको छ । विद्यामन्दिर पुस्तकालय, बागलुङको आयोजनामा बिहीबारसम्म सञ्चालन हुने कार्यशालाको बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले उद्घाटन गर्नुभयो ।

उहाँले बालबालिकाको सृजनात्मक र मनोवैज्ञानिक विकासमा कार्यशालाले मद्दत पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । कार्यशालामा सामुदायिक र निजी विद्यालयका गरी ६० बालबालिका सहभागी रहेका छन् । कार्यशालामा बाल साहित्यकार यशु श्रेष्ठले कथा, निबन्ध, कवितालगायत विधामा सृजनात्मक लेखन र प्रयोगबारे अभ्यासमूलक प्रशिक्षण दिने पुस्तकालयले जनाएको छ । बालबालिकामा मोबाइलको नकारात्मक लत न्यूनीकरण गरी सकारात्मक सिकाइमा मोबाइलको सदुपयोगबारे पनि अभिमुखीकरण गरिने पुस्तकालयका सचिव राजनप्रसाद शर्माले बताउनुभयो । विद्यालय तहमा अध्यापन गर्ने शिक्षकलाई शिक्षणमा कथावाचनको महत्व र प्रयोगका विषयमा पनि प्रशिक्षित गरिने उहाँको भनाइ छ । "विद्यालय उमेरका बालबालिकामा सृजनात्मक क्षमता अभिवृद्धिका लागि कार्यशाला आयोजना गरिएको हो", सचिव शर्माले भन्नुभयो, "कार्यशालाले लेखन सीपसँगै बालबालिकाको अभिव्यक्ति कलासमेत विकास हुने हाम्रो विश्वास छ ।" १७औँ राष्ट्रिय पुस्तकाल दिवसको अवसरमा प्याब्सन, एनप्याब्स, विद्यामन्दिर माध्यमिक विद्यालय र बागलुङ जेसीजसँगको सहकार्यमा पुस्तकालयले कार्यशाला आयोजना गरेको हो । 'निरन्तर शिक्षाका लागि पुस्तकालय' भन्ने आदर्श वाक्यसहित यही भदौ १५ गते मनाइने दिवसलाई पाँच दिवसीय कार्यक्रमसहित मनाउन लागिएको पुस्तकालयका सचिव शर्माले बताउनुभयो । दिवसका अवसरमा शुक्रबार पुस्तकालय दिवससँग सम्बन्धित शीर्षकमा बागलुङ नगरपालिकामा रहेका माध्यमिक विद्यालयस्तरीय निबन्ध लेखन प्रतियोगिता आयोजना गर्न लागिएको जनाइएको छ । सोही दिन पुस्तकालयको बालविकास केन्द्रमा रहेका बालबालिकाको निःशुल्क स्वास्थ्य परीक्षण तथा शैक्षिक सामग्री वितरण गरिने भएको छ ।

दिवसका सन्दर्भमा जिल्ला प्रहरी कार्यालयको हिरासत कक्षमा प्रयोग हुने गरी पुस्तक उपहार दिने कार्यक्रमसमेत तय गरिएको छ । भदौ १५ गते सम्मान र पुरस्कार वितरणसहित मूल समारोह आयोजना गरिएको सचिव शर्माले जानकारी दिनुभयो । सोही समारोहमा पुस्तकालयको विभिन्न पदमा रही झण्डै ४० वर्षसम्म सेवा पुऱ्याउनुभएका पुस्तकालयका संरक्षक समिति सदस्य एवं पूर्वअध्यक्ष हरिहर श्रेष्ठलाई दीर्घ सेवा सम्मान प्रदान गरिने भएको छ । विसं २००३ सालमा स्थापना भएको देशकै अग्रणीमध्येको विद्यामन्दिर पुस्तकालय राणाकालको प्रतिकुल समयमा खुलेका कारण पनि यसको अलग पहिचान छ । धवलागिरि क्षेत्रको शैक्षिक, सामाजिक र राजनीतिक जागरणको केन्द्रका रूपमा समेत यस पुस्तकालयलाई लिने गरिन्छ । स्थापनाकालमा काठमाडौँ उपत्यका हुँदै भारतको दिल्ली, गोरखपुरसम्मबाट भरिया लगाएर ल्याइएका पुस्तक सङ्ग्रह गरेर सुरू गरिएको पुस्तकालयमा अहिले विभिन्न विधा र भाषाका गरी करिब १७ हजार बढी पुस्तक छन् । पुस्तकालयमा विद्युतीय पुस्तकालय (ई-लाइब्रेरी) पनि सञ्चालित छ । प्रारम्भिक चरणमा विद्यालयको कोठा हुँदै सार्वजनिक पौवामा चलेको पुस्ताकालयले अहिले आफ्नै सुविधासम्पन्न भवनबाट सेवा दिँदै आएको छ । यस पुस्तकालयका संस्थापक दिवङ्गत ओमप्रसाद गौचन र मेघकुमार वैद्य हुनुहुन्छ । पुस्तकालयमा छुट्टै बाल पुस्तकालय स्थापनाको तयारी अगाडि बढेको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**साविक कम्पनी ग्रुप अफ कम्पनिज् प्रा.लि को मिति २०८१/०३/०९ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय वमोजिम उक्त कम्पनी (ग्रुप अफ कम्पनिज् प्रा.लि) को नाम परिवर्तन गरी मातृभूमि निर्माण सेवा प्रा.लि. कायम गरिएको जानकारी गराउदै उक्त कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम (मातृभुमी निर्माण सेवा प्रा.लि) को कम्पनीले सकार्ने व्यहोर्ने समेत जानकारी गराइन्छ ।**

**मातृभूमि निर्माण सेवा (प्रा.लि. नं. २९२८५५)**
**काठमाण्डौं महानगरपालिका-३२, काठमाण्डौं, बागमती**

# "म बोल्छु" सिजन २ को बक्तृत्वकलाको आवेदन खुला

**पोखरापत्र संवाददाता**
पोखरा, १३ भदौं

पोखरामा आयोजना हुने म "म बोल्छु"सिजन २ को गण्डकी प्रदेश स्तरीय बक्तृत्वकलाको आबेदन खुला भएको छ ।

फ्रिडम ट्रेनिङ सेन्टर सृजनाचोकको आयोजनामा हुने प्रतियोगितामा गण्डकी प्रदेशभरका विध्यार्थीहरुले सहभागिता जनाउन सक्ने फ्रिडम ट्रेनिङ सेन्टरका सञ्चालन एबम प्रबन्धक निर्देशक बिनोद पाहारीले जानकारी दिनुभयो ।

प्रतियोगितामा सहभागिताको लागि विद्यार्थीको उमेर १३ वर्ष देखि १८ वर्ष सम्मको हुनुपर्नेछ। बिद्यार्थी कक्षा ८देखि १२ सम्म अध्यनरत् हुनुपर्नेछ निर्देशक पहारीले खुलाउनुभयो ।

प्रतियोगितामा विद्यालाबाट वा खुला रूपमा आफै सहभागी हुन पनि सक्नेछन्, विद्यालयको पत्र अनिवार्य छैन तर परिचयपत्र अनिवार्य छ । त्यस्तै फोनबाट पनि दर्ता गर्न सकिने र फाराम भरेर प्रवेशपत्र लिन अनिवार्य रहेको छ । प्रतियोगितामा २ चरणहरु हुनेछन् जसअन्तरर्ग पहिलो अडिसन चरण जसमा विद्यार्थीले जुनसुकै विषयवस्तुमा बोल्न पाउनेछन् । यसको समय ३ मिनेट सम्मको रहनेछ । यस चरणमा छनोट भएका विद्यार्थी फाइनल चरणमा प्रवेश गर्नेछन् ।

दोस्रो फाइनल चरण यस चरणमा निर्णायकले दिएको विषयवस्तुमा विद्यार्थीले प्रस्तुति दिनुपर्नेछ । समय ५ मिनट (शीर्षक नाम दर्ता पछि उपलब्ध गराइनेछ ।) प्रतियोगितामा सहभागिताको लागि प्रति विद्यार्थी रु. १००० दर्ता शुल्क तोकिएको छ । प्रतियोगितामा कुनै विवाद भएमा आयोजकको निर्णय नै अन्तिम निर्णय हुने आयोजकले जनाएको छ ।

दर्ताको लागि आगामी असोज ५ गते शनिबार,बेलुका ५ बजेसम्म रहेको छ भने प्रतिस्पर्धीहरुलाई प्रतियोगिता अगाडी विशेष प्रशीक्षण पनि प्रदान गरिनेछ सस्थाले जनाएको छ।

# तिज पर्वको अवसरमा शुभकामना आदान प्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, १३ भदौं



गण्डकी प्रदेश सभा सदस्य देवका पहारीले "तिज पर्वलाई हुँदा खाने र हुने खानेहरू बिचमा रहेको बिभेद हट्ने गरि तिज मनाउनु पर्ने" बताएकी छन ।

नेपाली महिलाहरूका महान चाड हरितालिका तीजको अवसरमा विहीबार नुमना आमा समुह पोखरा -६ बैदामको १६ औ जन्मोत्सव तथा नेपाली नारीहरूको महान चाड हरितालिका तिजको शुभकामना आदान प्रदान कार्यक्रममा उनले भनिन, महिला दिदी बहिनीहरू आत्मनिर्भर बन्नु पर्दछ । दिदी बहिनीहरू चुला चौकामा मात्र सीमित नभई आफू आत्मनिर्भर सहित आर्थिक स्तर उकास्नका लागि व्यवसायी बन्नु पर्नेमा जोड दिइन । समाजमा रहेका कुसंस्कृति र सस्कारलाई चिर्दै मौलिकता अँगाल्दै नेपाली पन झल्कने गरि तिज मनाउन आग्रह गरिन । सल्लाहकार गोमा ढकालले तिज पर्व मनाउने क्रममा समाजमा हुने यदाकदा घटनाले समाजमा नकारात्मक धारणामा बन्ने गरेकाले यसलाई चिरेर अगाडि बढ्नुपर्ने उनको भनाइ थियो । अध्यक्ष जुना अधिकारीको महिला दिदी बहिनीहरूको हकहित लागि सदैव तयार रहने प्रतिबद्धता व्यक्त गर्दै दुःख , पिर मर्कालाई बिर्सने गरि रमाइलो सँग तिज पर्व मनाउनु जोड दिइन। सल्लाहकार गणेश पहारीले समाजमा मौलिक लोक संस्कृति जगेर्ना गर्ने र युवाहरूलाई गीत मार्फत सामाजिक सन्देश प्रवाह हुने गरि तिज मनाउन आग्रह गरे । पोखरा महानगर पालिका वडा नं-६ महिला समन्वय सञ्जालका अध्यक्ष बविता मल्लले तिजलाई दिदी बहिनी हर बिचको मित्रताको माया बढाउने पर्वको रुपमा मनाउनु पर्ने उनको भनाइ थियो ।

संस्थापक अध्यक्ष मिठुदेवी अधिकारीले भड्किलो रहित संस्कृतिको जगेर्ना हुने गरि तिज पर्व मनाउनु पर्नेमा आफ्नो धारणा राखिन । बयोवृद्ध समाज सेवी खिनी तिमिल्सीनले उपस्थिति दिदी बहिनीहरूलाई सामाजिक संस्कारको नाममा महिला दिदी बहिनीहरू बिच हुने बिभेद बारेमा तिज गीत मार्फत आवाज उठाउनँ सल्लाह दिइन । सदस्य पवित्रा कडेलले सञ्चालन गरेको कार्यक्रममा समुहलाई सहयोग गर्नु हुने विभिन्न ब्यक्तिहरूलाई सम्मान पत्र सहित दोसल्लाले सम्मान गरिएको थियो ।

# पशुवस्तु र कृषिजन्य उत्पादन बेच्ने सजिलो माध्यम सामाजिक सञ्जाल

**पोखरापत्र संवाददाता**
पोखरा, १३ भदौं

देशव्यापी रूपमा सामाजिक सञ्जालको बढ्दो दुरुपयोगको चासो र चर्चा भइरहेको अवस्थामा यहाँका एक अगुवा कृषकले भने त्यही सञ्जालको उपयोग गर्दै आफ्ना पशुवस्तु र कृषिजन्य उत्पादनलाई सहज रूपमा बजारमा पुऱ्याउनुभएको छ ।

पोखरा महानगरपालिका वडा नं ३३ भरतपोखरीका अगुवा कृषक रमेश आचार्यले विगत तीन वर्ष यता सामाजिक सञ्जाल फेसबुकका माध्यमबाट गोठबाटै पशुवस्तुसँगै घरबाटै कृषिजन्य उत्पादन बिक्री गर्दै आउनुभएको हो । पहिले पहिले कुनै पशुवस्तु बेच्नु परेमा वल्लो गाउँ र पल्लो गाउँ हुँदै चिया दोकान र चोक चौतारीमा खबर छोड्नुपर्ने बाध्यतालाई अहिले भने सामाजिक सञ्जालले अन्त्य गरिदिएको उहाँले बताउनुभयो । तीन वर्षयता सामाजिक सञ्जालमा राखेर गोठैबाट पशुवस्तु र कृषिजन्य उत्पादन बिक्री गरिरहेको उहाँले अनुभव सुनाउनुभयो । "बिक्री गर्नुपर्ने पशुवस्तु वा सामग्री फेसबुकमा राखिदिएपछि अहिले अन्यत्र खबर गर्नै पर्दैन", उहाँले भन्नुभयो, "फेसबुकमा बिक्रीका पशुवस्तु फोटोसहित राखिदिएसँगै तनहुँ, स्याङ्जालगायत स्थानबाट ग्राहक आएर किनेर लगेका धेरै उदाहरण मसँग छन् ।" सामाजिक सञ्जालको दुरुपयोगभन्दा पनि यसलाई सही रूपमा प्रयोग गर्न सकेमा त्यसबाट धेरै फाइदा लिन सकिने उहाँको अनुभव छ । कृषिप्रतिको अनिच्छाका कारण रोजगारीको खोजीमा दिनानुदिन नेपाली युवा विदेशिएको वास्तविकतामा यहीँ नै केही गर्न सकिन्छ भन्ने दरिलो उदाहरण बन्नुभएका आचार्यले उत्पादित वस्तुको बिक्री वितरणमा गरिरहेको समाजिक सञ्जालको प्रयोग पनि अन्यका लागि प्रेरणादायी बनिरहेको छ । स्नातकसम्मको अध्ययन, १० वर्षको शिक्षण पेसा, तीन वर्षको वैदेशिक रोजगारीसँगै विद्युत् प्राविधिकसमेतका अनुभव सँगालीसकेका आचार्यले विगत चार वर्षअघि तिखे ढुङ्गा बागमारा पशुपालन तथा कृषि फर्म दर्ता गरी व्यावसायिक कृषि गरिरहनुभएको छ। उहाँले वडा नं ३३ स्थित सुरौदी खोला तिखे ढुङ्गामा पशुपालनसँगै व्यावसायिक रूपमा तरकारी, फलफूल तथा विभिन्न कृषिजन्य उत्पादन गर्दै आउनुभएको छ। कृषिजन्य उत्पादनमा पनि नयाँ नयाँ प्रयोग गर्न रुचाउने आचार्यले यस अघि सो क्षेत्रमा खरबुजाको राम्रो उत्पादन गर्न सकिने कुरालाई प्रमाणित गरेर देखाइदिनुभएको छ।

**डिस्चार्ज सर्टिफिकेट हराएको सूचना**

**म जित बहादुर साहीको** Indian Army **को पेन्सन निस्कँदाको अवस्थाको डिस्चार्ज सर्टिफिकेट उहाँको जीवनकालमा नै हराएको जानकारी गराईन्छ ।**
**नामः जित बहादुर साही**
Indian Army No.: 5834232 1/9 GR
**ठेगाना : पुतलीबजार-३, स्याङ्जा**
**सम्पर्क नं. :** 9804125504

